जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २६ २०८१ साल साउन ३२ गते शुक्रबार (16 Aug. 2024 Friday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*




*यस अंक भित्र :* २ पृष्ठमा : विदेशमा उच्च शिक्षा-बढ्दो... ३ पृष्ठमा : सङ्क्रमणकालीन न्याय ... ३ पृष्ठमा :म्यान्माकी सुकीको घर ...

# कोशी प्रदेशको नाम खारेजीका लागि जसपा नेपालद्वारा ९ सदस्यीय संघर्ष समिति गठन



**दैनिक समाचारदाता**
**काठमाडौं, ३१ साउन ।**

कोशी प्रदेशको नाम खारेजीको लागि जनता समाजवादी पार्टी नेपालले आन्दोलन परिचालन एवं समन्वय गर्न संघर्ष समिति गठन गरेको छ ।

जसपा नेपाल कार्यकारिणी समिति सदस्य एवं पूर्व शान्तिमन्त्री रकम चेम्जोङको संयोजकत्वमा ९ सदस्यीय आन्दोलन परिचालन समिति गठन गरेको हो ।

कोशी प्रदेश नामाकरणको विरुद्धमा भईरहेको राष्ट्रिय पहिचानको आन्दोलनलाई समन्वय गरि आन्दोलनलाई निर्णायक तहमा पुऱ्याउन उक्त समिति घोषणा गरिएको जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले बताए ।

आदिवासी, जनजाति समुदायमा रुचाईएका र पहिचानवादी समुदायहरुबीच समन्वय गर्न सक्ने तथा आन्दोलनलाई परिणामसम्म पुऱ्याउन सक्ने क्षमता भएकोले चर्चित नेता चेम्जोङलाई आन्दोलनको कमाण्डर तोकिएको अध्यक्ष यादवले बताए ।

संघर्ष समितिको सदस्यमा जसपा नेपाल प्रदेश नं. १ का अध्यक्ष दिपक याख्या, विदेश इन्चार्ज डा. केके राई, संगठन विभाग सचिव लाक्पा शेर्पा, पहिचानवादी नेताहरु राजकुमार राई, जयराम यादव, सशी

*बाँकी अन्तिम पृष्ठमा*

# चिकित्सा शिक्षा आयोगले योग्यता नपुगेका विद्यार्थीको शुल्क फिर्ता गर्ने

काठमाडौं, ३१ साउन (रासस) ।

चिकित्सा शिक्षा आयोगले एकीकृत परीक्षाका लागि योग्यता नपुगेका विद्यार्थीको परीक्षा शुल्क फिर्ता गर्ने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईको निर्देशनपछि आयोगले योग्यता नपुगेका विद्यार्थीको परीक्षा शुल्क फिर्ता गर्ने भएको हो । आयोगको बुधबार बसेको कार्यकारी समितिको बैठकले योग्यता पुगेका उम्मेदवारलाई प्रवेशपत्र जारीगरी परीक्षामा सामेल गराउने र तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा नगरेका आवदेकको आवेदन फाराम रद्दगरी परीक्षा शुल्क फिर्ता गर्ने निर्णय गरिएको आयोगका उपसचिव मञ्जु अधिकारीले जानकारी दिनुभयो ।

उहाँले शैक्षिक योग्यता नपुगेका आवेदकले फाराम भर्दा बुझाएको परीक्षा दस्तुर रकम आयोगमा दाखिला गरेको प्रमाणसहित फिर्ता माग गरेमा उक्त रकम सम्बन्धित परीक्षार्थीलाई फिर्ता गरिने बताउनुभयो । आयोगले चिकित्सा शिक्षा स्नातक तहको विभिन्न शैक्षिक कार्यक्रमका लागि कक्षा १२ को नतिजा प्रकाशन नभए पनि फाराम भराएको थियो ।

यसअघि फाराम भरेका तर पछि कक्षा १२ को नतिजामा योग्यता नपुगेका परीक्षार्थीको फाराम शुल्क फिर्ता गरिने प्रचलन थिएन तर शिक्षामन्त्री भट्टराईको निर्देशनपछि आयोगले विद्यार्थीको शुल्क फिर्ता गर्ने निर्णय गरेको जनाएको छ ।

आयोगले चिकित्सा शिक्षा स्नातक तहतर्फका विभिन्न विषयमा गत जेठमा आवेदन दिएका उम्मेदवारको यही भदौ १ देखि भदौ ५ गतेसम्म परीक्षा सञ्चालन गर्दैछ ।

# ट्रष्ट सेवा भवनको शिलान्यास



**दैनिक समाचारदाता**
**राजविराज, ३१ साउन ।**

राजविराज वडा नं. १६ बोरियामा बिहीबार जानकी अयोधी मञ्जु डा. चिरञ्जीवी च्यारिटी ट्रष्ट सेवा भवन निर्माण कार्यको शिलान्यास गरिएको छ ।

ट्रष्टका मुख्य संस्थापक डा. चिरञ्जीवी लाल देवले ट्रष्टलाई दान गरेका डेढ कट्ठा जग्गामा सो सेवा भवनको शिलन्यास गरेका हुन् ।

ट्रष्टको सेवा भवनबाट आईइएनटी तथा अर्थोपेडिक क्लिनिक सेवा, वृद्धाश्रम सेवा, धर्मशाला सुविधा, विश्रामालय सेवा, खानेपानी सुविधा, विपद् पीडितलाई राहत, प्राथमिक उपचार सेवा, असहायलाई मानवीय सहायता, वाचनालय सुविधा, पर्यावरण शिक्षा सेवा उपलब्ध गराइने जनाइएको छ ।

राजविराज-सखडा रोडसँगै रहेको उक्त जग्गामा प्रतिष्ठित समाजसेवीहरूको उपस्थितिमा ट्रष्टका संस्थापक डा. देवले शिलापूजन गरे ।




## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : कंचनरुप नगरपालिका, सप्तरी

## सम्पादकीय

### स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कठघरामा उभ्याऔं

अहिले चामल, दाल, मासु, दूध मात्र होइन दैनिक उपभोग्य हरेक सामानमा मिसाबटहरु भइरहेको छ । खाद्यान्न बाहेक पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसाबट हुने गरेको छ । खासगरी स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ । २० किलोको प्याक भएको चामल खरिद गर्दा आधा किलोसम्म अखाद्य वस्तु अर्थात ईँटाका साना टुक्राहरु फेला परिरहेका छन् भने खसीको मासुमा बाख्राको मासु, तोरीको तेलमा अन्यको तेल, दूधमा पर्याप्त पानी र कमी भए पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा ईँटाको धूलो मिसाउने काम भइरहेको छ ।

यता हरियो तरकारी र मिठाईलाई आकर्षक बनाउन अत्यधिक रंगको प्रयोग हुँदै आएको छ । व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा व्यापारीहरुले गर्दै आएका छन् । यदी लगातार खाद्यवस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्नेछ ।

खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ । हुनत अहिलेको समयमा अधिकांश खाद्यान्नमा मिसावट भएको पाइन्छ । तसर्थ उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नेलाई कानुनी कठघरामा उभ्याउनु आवश्यक छ भने सम्बन्धीत निकायले पनि उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गरि अनुगमनलाई नै प्राथमिकतामा राख्नु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विदेशमा उच्च शिक्षा-बढ्दो विद्यार्थी र फेरिएको गन्तव्य

**कमलकुमार बस्नेत**

काठमाडौँ, ३१ साउन (रासस) ।

पछिल्लो एक दशकमा उच्च शिक्षाका लागि विदेश जान शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखाबाट 'नो अब्जेक्सन सर्टिफिकेट' ( एनओसी)लिनेको सङ्ख्या तीन सय प्रतिशतले बढेको छ । एक दशकअघि अर्थात् आर्थिक वर्ष २०७०/७१ मा उच्च शिक्षाका लागि विभिन्न देश जान मन्त्रालयको उक्त शाखाबाट २८ हजार एक सय २६ वटा एनओसी जारी भएकामा गत आव २०८०/८१ मा ६६ वटा देशका लागि एक लाख १२ हजार दुई सय ५६ वटा एनओसी जारी भएका छन् ।

प्रत्येक वर्ष एनओसी लिनेको सङ्ख्यासँगै शिक्षाका नाममा विदेशिने रकम पनि बढिरहेको छ । नेपाल राष्ट्र बैङ्कका अनुसार पछिल्लो १० वर्षमा उच्च शिक्षाका नाममा रु पाँच खर्ब १८ अर्ब ७३ करोड बाहिरिएको छ । विदेशमा पढ्न जाने विद्यार्थीहरूलाई मुद्रा सटहीका लागि एनओसी लिन्छन् । विदेशमा पढ्का लागि लाग्ने शुल्कका आधारमा एनओसी गर्दै आएको छ । एनओसीका आधारमा विद्यार्थीले बैङ्किङ प्रणालीमार्फत विदेशस्थित कलेज तथा विश्वविद्यालयमा शुल्क पढाउँछन् । यसरी बैङ्कमार्फत रकम पढाउँदा उनीहरूले तीन प्रतिशत शिक्षा सेवा शुल्क बुझाउनुपर्छ ।

**फेरिएको गन्तव्य**

झन्डै एक दशकयता नेपाली विद्यार्थीको पहिलो रोजाइको गन्तव्य बनेको अष्ट्रेलिया गत आर्थिक वर्षमा भने तेस्रो स्थानमा सीमित भएको छ । अष्ट्रेलिया जान चाहने विद्यार्थी कम हुँदै गर्दा विद्यार्थीको ठूलो हिस्साको आकर्षणमा जापान परेको छ । अघिल्लो आव २०७९/८० मा कुल जारी भएका एनओसीमध्ये ३० दशमलव ७७ प्रतिशत अष्ट्रेलियाका लागि रहेकामा गत आवमा यो सङ्ख्या १२ दशमलव ८० प्रतिशतमा सीमित भएको छ ।

त्यसैगरी, अघिल्लो आवमा १९ दशमलव २८ प्रतिशतले जापान जानका लागि एनओसी लिएकामा यो सङ्ख्या गत आवमा बढेर ३० दशमलव ९३ प्रतिशत पुगेर नेपाली विद्यार्थीको पहिलो रोजाइको गन्तव्य बनेको छ ।

अघिल्लो आवमा प्रमुख रोजाइको गन्तव्यमा तेस्रो स्थानमा रहेको क्यानडा गत आवमा दोस्रो स्थानमा उक्लिएको छ तर एनओसी लिनेको सङ्ख्या भने कम भएको छ । क्यानडा जानका लागि अघिल्लो आवमा १९ दशमलव ५४ प्रतिशतले एनओसी लिएकामा यो सङ्ख्या गत आवमा १४ दशमलव २३ प्रतिशतमा सीमित रह्यो ।

अष्ट्रेलिया सरकारले लिएको नीतिका कारण त्यहाँ जाने नेपाली विद्यार्थीको सङ्ख्या कम भएको नेपाल शैक्षिक परामर्श सङ्घ ( इक्यान)का अध्यक्ष शेषराज भट्टराईको बुझाइ छ । तथ्याङ्कअनुसार गत आवमा उच्च शिक्षाका लागि कतार र युनाइटेड अरब इमिरेट्स (युएई) जान चाहने विद्यार्थीको सङ्ख्या पनि उल्लेखनीय छ । गत आवमा शिक्षा मन्त्रालयबाट कतारका लागि एक सय ६५ र युएईका लागि दुई हजार एक सय ४७ वटा एनओसी जारी भएका छन् ।

**दक्षिण कोरिया पनि प्राथमिकतामा**

पछिल्लो समय दक्षिण कोरियामा पनि उच्च शिक्षाका लागि विदेशी विद्यार्थीको आकर्षण बढेको छ । शिक्षा मन्त्रालयका अनुसार गत आवमा मात्रै कोरियामा अध्ययन गर्न जानका लागि छ हजार आठ सय ८९ वटा एनओसी जारी भएका छन् । कोरियाले नै सन् २०२७ सम्ममा विदेशी विद्यार्थीको सङ्ख्या तीन लाख पुऱ्याउने लक्ष्य लिएको छ । यसअनुसार पछिल्लो समय दक्षिण कोरिया नेपाल मात्रै नभई अन्य देशका विद्यार्थीका लागि रोजाइको गन्तव्य बन्दै गएको छ ।

कोरिया शैक्षिक परामर्श सङ्घ, नेपाल (केइक्यान)का अध्यक्ष गणेश शर्मा दक्षिण कोरियामा गुणस्तरीय शिक्षा सस्तोमा पढ्न पाइने भएकाले नेपाली विद्यार्थीको आकर्षण बढेको बताउनुहुन्छ । उहाँका अनुसार अष्ट्रेलियालगायत देशको तुलनामा कोरियामा निकै सस्तोमा विश्वविद्यालयमा अध्ययन गर्न पाइन्छ । "दक्षिण कोरियामा अष्ट्रेलिया र बेलायतलगायत देशको तुलनामा ८० प्रतिशतभन्दा बढी सस्तो शुल्कमा उच्च शिक्षा पढ्न पाउने सुविधा छ," अध्यक्ष शर्माले भन्नुभयो, "छ महिनामध्ये तीन महिना आंशिक र तीन महिना पूर्णरूपमा काम गर्न पाउने भएकाले पनि विद्यार्थीको आकर्षण बढेको छ ।"

हाल कोरिया सरकारले अध्ययन पूरा भएपछि छ महिनासम्म जागिर खोज्नका लागि अनुमति दिन्छ । जसलाई दुई वर्षसम्म बढाउने सकिने व्यवस्था छ । साथै सन् २०२५ देखि भने पढाइ पूरा भएपछि तीन वर्षसम्म कोरियामै रहेर काम खोज्न पाउने सुविधा थप गर्ने योजनामा त्यहाँको सरकार छ ।

**किन घट्यो अष्ट्रेलिया ?**

नेपाल शैक्षिक परामर्श सङ्घ (इक्यान)का अध्यक्ष शेषराज भट्टराई अष्ट्रेलियाले भिसामा कडाइ गरेकाले त्यहाँ जाने विद्यार्थीहरूको सङ्ख्या कम भएको बताउनुहुन्छ । उहाँका अनुसार त्यहाँको माइग्रेसन नीति, भिसामा कडाइ र आर्थिक दबाबका कारण विद्यार्थीहरूको सङ्ख्या घट्दो रहेको हो ।

अष्ट्रेलियन सरकारले कलेज तथा विश्वविद्यालयमा विदेशी विद्यार्थीका लागि ४० प्रतिशतको सीमा तोक्न लागेको छ । जसअनुसार शिक्षण संस्थाले वर्षमा अधिकतम् ४० प्रतिशतभन्दा बढी भर्ना गर्न पाउने छैनन् । यसले त्यहाँको श्रम बजारमा ठूलो असर पार्ने देखिएको छ । त्यसैले गर्दा अहिले अष्ट्रेलियामो यो चर्चाको विषय बनेको छ ।

अष्ट्रेलिया सरकारले वेबसाइटमा उपलब्ध गराएको पछिल्लो तथ्याङ्कअनुसार हाल ५६ हजार दुई ९६ जना नेपाली विद्यार्थी भिसामा अष्ट्रेलियामा अध्ययन गरिरहेका छन् । यसमध्ये सबैभन्दा धेरै ३५ हजार आठ सय ९७ जना विद्यार्थी न्यू साउथ वेल्स राज्य र भिक्टोरिया राज्य सात हजार नौ सय १३ जना विद्यार्थी छन् । उत्तरी क्षेत्रमा भने विदेशी विद्यार्थीमा नेपालीको सङ्ख्या सबैभन्दा बढी अर्थात् एक हजार एक सय १५ छ ।

अष्ट्रेलियामा सबैभन्दा बढी चिनियाँ विद्यार्थीहरू एक लाख ५० हजार सात सय ६७ र भारतीय विद्यार्थी एक लाख १६ हजार छ सय १० विद्यार्थी अध्ययनरत छन् । सङ्ख्याका हिसाबले नेपालीहरूको तेस्रो स्थानमा छन् । त्यसबाहेक फिलिपिन्स, भियतनाम, कोलम्बिया, थाइल्यान्ड, पाकिस्तान, इन्डोनेसिया र ब्राजिलका विद्यार्थी क्रमशः शीर्ष १० मा छन् ।

**एनओसी लिएका सबै जान्छन् ?**

नो अब्जेक्सन सर्टिफिकेट ( एनओसी) लिने सबै विद्यार्थी उच्च शिक्षाका लागि विदेश नै जान्छन् भन्ने हुँदैन । विदेशस्थित सम्बन्धित कलेज, विश्वविद्यालय वा शिक्षण संस्थाले पढ्न लागि अनुमति दिएपछि निश्चित शुल्क अग्रिम बुझाउनुपर्ने हुन्छ । अधिकांश देशका हकमा पहिले बैङ्किङ प्रणालीमार्फत शुल्क पठाएपछि भिसाको प्रक्रिया सुरु हुन्छ ।

एनओसी लिनेमध्ये औसतमा ६० प्रतिशतको हाराहारीमा मात्रै भिसा लाग्ने गरेको इक्यानका अध्यक्ष शेषराज भट्टराईको अनुभव छ । यद्यपि यो आँकडा देशअनुसार भने फरक हुन्छ । "एनओसी लिनु भनेको उच्च शिक्षाका लागि विदेश जाने प्रक्रियाको एउटा पाटो हो, तर सबै विदेश जाने भन्ने हुँदैन, अधिकांश देशका लागि एनओसीको काम पूरा भएपछि भिसा लगाउने प्रक्रिया सुरु हुने भएकाले सबैको भिसा लागेको हुँदैन", उहाँले भन्नुभयो ।

एनओसी जारी भएपछि विद्यार्थीले विदेशमा पैसा पठाउन पाउँछन् । यदि भिसा नलागेको अवस्थामा कलेज तथा विश्वविद्यालयले निश्चित प्रक्रिया पूरा गरेपछि पुनः पैसा पठाउँछन् ।

**विदेश जानबाट रोक्न सकिन्छ ?**

शिक्षाविद् डा विद्यानाथ कोइराला विदेश जान कसैलाई पनि रोक्न नसकिने बताउनुहुन्छ । उनीहरू किन जान्छन् भन्ने थाहा पाउने हो र सोहीअनुसार आवश्यकता पूरा गर्न सक्ने हो भने उनीहरू आफैँ रोकिने उहाँको तर्क छ । "दैनिक दुई हजार नेपाली विदेश जान्छन् भन्ने हो भने एक हजार दुई सय आउँछन् पनि । आउनेहरूको सङ्ख्या किन नभन्ने", उहाँले भन्नुभयो, "यसरी हेर्दा दैनिक आठ सय मात्रै जाने रहेछन् ।"

उच्च शिक्षाका लागि विदेशी मुलुक जानेमध्ये ९० प्रतिशत कामका लागि र १० प्रतिशत मात्रै पढ्नका लागि जान्छन् भन्न सकिने उहाँको बुझाइ छ । यदि विद्यार्थीहरू काम र पैसाकै लागि जाने हो भने हामीले स्वदेशमै पैसा कमाउने सीप किन नसिकाउने, रोजगारी किन सिर्जना नगर्ने भन्नेतर्फ हामीले नसोचेको पो हो कि भन्ने उहाँको बुझाइ छ ।

डा कोइराला नीतिनिर्माण तहमा बस्नेहरूमा पनि त्यस प्रकारको सोच नपाएको हो कि भन्ने शङ्का गर्नुहुन्छ । "हामीले १५औँ योजनामा कहाँ चुक्यौँ र १६औँ योजना बनाउँदा के सुधार गर्नुपर्छ भन्ने खालको चिन्तनको कमी हो कि भन्ने लाग्छ", उहाँले भन्नुभयो, "नेपाली विद्यार्थी विदेश गए भन्ने तर विदेशबाट पनि कैयौँ विषय पढाउनका लागि विद्यार्थी ल्याउन सक्छौँ भन्नेतर्फ किन नसाचेको होला भन्ने लाग्छ ।"

उहाँ 'ब्रेन डेन' भन्दा पनि अब 'रिगेन'को सोचबाट नीति बनाउने र कार्यान्वयन आवश्यक रहेको बताउनुहुन्छ । त्यसबाहेक सङ्घीय, प्रदेश र स्थाानीय तीनवटै तहले क्षेत्राधिकारका आधारमा नीति निर्माण र कार्यान्वयन गर्नसक्नुपर्ने उहाँको सुझाव छ । त्यसो त शिक्षाकै लागि यति ठूलो सङ्ख्यामा विदेश जानुपर्ने अवस्था नभएको जानकारहरू बताउँछन् ।

पछिल्लो समय नेपालकै कलेजहरूमा विभिन्न विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई कोर्स अध्यापन भइरहेकाले पढ्नकै लागि यति ठूलो सङ्ख्यामा विदेशिनुपर्ने अवस्था नरहेको उनीहरूको बुझाइ छ । यद्यपि केही कोर्सका लागि भने अझै पनि विदेश जानुपर्ने अवस्था छ । त्यो अवस्था नेपालमा मात्रै होइन, अन्य मुलुकमा पनि छ ।

संयुक्त अरब इमिरेट्स ( युएई)ले सन् २०२८ सम्ममा छ हजार विद्यार्थीलाई अमेरिका र क्यानडामा विभिन्न कार्यक्रमका लागि पठाउनका लागि छात्रवृत्ति कार्यक्रम सुरु गरेको छ । खाटवा (राइजअप) छात्रवृत्ति कार्यक्रम सेप्टेम्बर २०२२ मा घोषणा गरिएको थियो । यसलाई आबुधावी शिक्षा र ज्ञान विभागद्वारा सञ्चालित यो कार्यक्रम पाँच सय २० मिलियन डलरको हो । यो कार्यक्रम विभिन्न शैक्षिक र सामाजिक पृष्ठभूमिका विद्यार्थीलाई लक्षित गरिएको हो ।

**सरकारी छात्रवृत्तिमा पनि जान्छन् विदेश**

बर्सेनि सरकारी छात्रवृत्तिमा पढ्नका लागि विदेश जाने चलन नयाँ होइन । सरकारले विभिन्न कोर्सका लागि निश्चित मापदण्ड पूरा गरेका कर्मचारीहरूलाई सर्तका आधारमा विदेश पढ्न पढाउने गरेको छ । तर यसरी गएका कर्मचारी उतै हराउने समस्या पनि उत्तिकै छ ।

हाल सरकारी कर्मचारीहरू विभिन्न कार्यक्रममार्फत उच्च शिक्षाका लागि विदेश गइरहेका छन् । यस्तो सङ्ख्या वार्षिक करिब दुई सय जति रहेको जानकार बताउँछन् । यसमा कतिपयहरू सम्बन्धित देशको छात्रवृत्ति त केही नेपाल सरकारको छात्रवृत्तिमा पढ्न जाने गरेका छन् ।

सरकारी छात्रवृत्तिमा विदेश पढ्न जान थालेको नयाँ भने होइन । नेपालको इतिहासमा पहिलोपटक पढ्नका लागि विदेश जानेमा जयपृथ्वीबहादुर सिंहलाई लिन सकिन्छ । सन् १८७७ अगष्ट २१ मा बझाङको चैनपुरमा जन्मिएका सिंहले पाँच वर्षको उमेरदेखि पढाइ सुरु गरेका थिए । उनले काठमाडौँको दरबार हाई स्कुलमा पढेका थिए भने सन् १८८९ मा भारतको कलकताबाट

*बाँकी तीन पृष्ठमा*

# सङ्क्रमणकालीन न्याय निष्कर्षमा पुग्ने आशा

**कालिका खड्का**

काठमाडौँ, ३१ साउन (रासस)।

प्रतिनिधिसभाबाट सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित भएसँगै न्यायको लामो प्रतिक्षामा रहेका द्वन्द्वपीडितहरूमा न्याय पाउने आशा पलाएको छ।

प्रतिनिधिसभा बैठकले बुधबार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) सम्बन्धी विधेयक, २०८१ पारित भएसँगै सङ्क्रमणकालीन न्याय निष्कर्षमा पुग्ने आशा पलाएको हो।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति विमला सुवेदीले उक्त विधेयक पेस गर्नुभएको थियो। समितिको यही साउन २४ गतेको बैठकले उक्त विधेयकलाई सर्वसम्मतिले पारित गरेको थियो।

नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताअनुरुप सङ्क्रमणकालीन न्यायलाई टुङ्ग्याउने विषयमा प्रमुख तीन राजनीतिक दलबीच यही साउन १७ गते समझदारी भएको थियो। नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का नेता सम्मिलित कार्यदलमा लामो समयदेखि पेचिलो बनेको द्वन्द्वकालीन घटनाको व्याख्या, राहत, क्षतिपूर्ति, परिपूरण र न्याय प्रदानलगायत विषयमा सहमति भएको थियो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा निकै महत्त्वका साथ हेरिएको सङ्क्रमणकालीन न्यायको विषयलाई टुङ्गोमा पुऱ्याउन बनेको कार्यदलले नियतपूर्वक वा स्वेच्छाचारी रूपमा गरिएका हत्यालाई हत्याको परिभाषाभित्र समावेश गर्ने, द्वन्द्वका क्रममा ज्यान गुमाएका वा घाइते भएको सुरक्षाकर्मीका परिवार र बहिगर्मित लडाकुलाई राहत, क्षतिपूर्ति र परिपूरण प्रदान गर्ने समझदारी भएको थियो। यस्तै द्वन्द्वकालीन घटनामा पीडितको सहमति नभएको खण्डमा महान्याधिवक्ता समक्ष सिफारिस गर्ने र वर्तमान फौजदारी कानुन अनुरुपको दण्डमा सजाय नभई सङ्क्रमणकालीन न्यायको सिद्धान्तअनुसार गर्ने समझदारी जुटेको थियो।

विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष भइसक्दा पनि सङ्क्रमणकालीन न्यायको विषय निष्कर्षमा पुग्न नसकिरहेका अवस्थामा बुधबार सदनबाट उक्त विधेयक पारित भएपछि बाँकी काम अघि बढ्ने भएको छ।

विसं २०६३ मङ्सिर ५ गते भएको शान्ति सम्झौतामा राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोगमार्फत सङ्क्रमणकालीन न्यायका विषयलाई सम्बोधन प्रतिबद्धता व्यक्त गरिएको थियो।

सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयमा सहजीकरण गर्न बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन र सत्यनिरुपण तथा मेलमिलाप आयोग गठनगरी काम गरिरहेको छ। आयोगका पदाधिकारी भने सिफारिस गर्न बाँकी छ।

**सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा के छ ?**

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक(तेस्रो संशोधन), २०८१ मा दुई आयोगका सिफारिस गठन भएको बढीमा दुई महिनाभित्र अध्यक्ष तथा सदस्यको नाम सिफारिस गरिसक्नुपर्ने र पदाधिकारीको समय नियुक्ति भएको मितिले चार वर्षको हुने व्यवस्था गरिएको छ।

आयोगमा अभ्यास तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वका क्रममा जबर्जस्ती करण वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजकोतर्फबाट उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एकपटकका लागि तीन महिनाको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गरी आयोगले उजुरी माग गर्ने उल्लेख छ।

त्यस्तै, ऐनमा जुनसुकै कुरा लेखिएको भए पनि मानव अधिकार उल्लङ्घनका घटनाको कारबाही वा मुद्दा जुनसुकै चरणमा रहेको भए पनि पीडितको स्वतन्त्र सहमतिमा मेलमिलाप गराउने सकिने व्यवस्था रहेको छ।

आयोगले परिपूरणका लागि गरेको सिफारिसमा चित्त नबुझेमा पीडितले त्यसको आधार र कारण खोली निवेदन दिनुपर्ने र मनासिव देखिएमा विशेष अदालतमा निवेदन दिनसक्ने व्यवस्था रहेको छ।

पुनरावलोकन सुन्ने प्रयोजनका लागि सर्वोच्च अदालतमा सङ्क्रमणकालीन न्यायसम्बन्धी संयुक्त इजलास रहने र त्यसका लागि प्रधानन्यायाधीशले आवश्यकता अनुसार सर्वोच्च अदालतका न्यायाधीशको सूची तयारगरी सोमध्येबाट इजलास तोक्ने व्यवस्था विधेयकमा छ।

मेलमिलाप हुन नसकेको वा क्षमादानको सिफारिसमा नपरेको मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्तिका सम्बन्धमा नेपाल सरकार वादी हुने मुद्दाको हकमा महान्यायाधिवक्तासमक्ष लेखी पठाउनुपर्नेछ। साथै, पीडकलाई कानुनबमोजिम कारबाहीका लागि महान्यायाधिवक्तासमक्ष सिफारिस गर्न बाधा नपर्ने उल्लेख छ।

घटना हुँदाको परिस्थिति, कारण तथा सङ्क्रमणकालीन न्यायको सिद्धान्तलाई ध्यान दिइ जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटनाबाहेकका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा तत्काल प्रचलित कानुनबमोजिम सजायमा २५ प्रतिशत सजायको माग दाबी लिनसक्ने व्यवस्था छ।

सार्वजनिक पद धारण गरेका व्यक्तिउपर मुद्दा दायर भई थुना वा न्यायिक हिरासतमा रहेमा त्यस्तो थुना वा न्यायिक हिरासतमा रहुञ्जेल निज पदबाट स्वतः निलम्बन भएको मानिने व्यवस्था छ।

आयोगको कार्यविधिमा आयोगबाट शान्ति प्रक्रियाको काम सम्पन्न हुन नसकेमा नेपाल सरकारले कार्य प्रगतिका आधारमा काम सम्पन्न गर्न लाग्ने समयको आँकलन गरी आयोगको कार्यावधि थप्न गर्नसक्ने व्यवस्था समेत गरेको छ। साथै, आयोगले तोकिएको समयभन्दाअगावै शान्ति प्रक्रियाको काम सम्पन्न भएको घोषणा गरेमा सोही मितिदेखि आयोगको कार्याविधि समाप्त भएको मानिने व्यस्था गरेको छ।

## *विदेशमा उच्च ...*

मेट्रिक पास गरेका थिए। उनले इन्टरमिडियट तह भारतको प्रयाग कलेजबाट उत्तीर्ण गरेका थिए।

सन् १८९४ मा बझाङ फर्किएका उनले त्यहाँबाट विभिन्न जातका आठजना युवालाई तालिम र शिक्षाका लागि काठमाडौँ पठाएका थिए। पढ्नकै लागि टाढाटाढासम्म पुग्ने चलन नेपालको इतिहासमा पनि लामो रहेको बुझ्न सकिन्छ। त्यसबाहेक भारतको बनारस, दार्जिलिङ तथा बेलायतलगायत नेपालबाट पढ्न जाने चलन नौलो नभएको देखिन्छ।

सरकारी सन् १९०२ मा नेपालबाट आठजना विद्यार्थीहरू सरकारी छात्रवृत्तिमा पहिलोपटक उच्च शिक्षाका लागि जापान गएका थिए। नेपालबाट अप्रिलबाट जापान हिँडेका उनीहरू योकाहामा नामको पानीजहाजमार्फत सन् १९०२ जुन १७ मा जापान पुगेका थिए। जङ्गनरसिंह राना (२२) र भक्तबहादुर बस्नेत (१९) आर्म्स टेक्नोलोजी, देव नरसिंह राना (२०) र बाल नरसिंह रायमाझी (२०) माइनिङ पढ्न जापान पुगेका थिए।

त्यसैगरी, दीप नरसिंह राना (१८) कृषि, हेमबहादुर राजभण्डारी (२२) मेकानिकल इन्जिनियरिङ, रुद्रलाल सिंह (२७) केमेस्ट्री र विचारमान सिंह (२५) सेरिकल्चर पढ्न जापान गएका थिए। उनीहरू त्यहाँ तीन वर्ष बसी सन् १९०५ मा नेपाल फर्किएर जागिर गर्न थालेका थिए। उनीहरू नेपाल फर्कंदा ज्ञान, सीप प्रविधि मात्रै सिकेनन् गोदाबरी, कटुस, हलुवाबेद र विस्टेरियाको जस्ता फलफूल र वनस्पती आदि पनि नेपाल ल्याएका थिए।

**कुन वर्षमा कति रकम बाहिरियो ?**

केन्द्रीय बैङ्कका अनुसार आर्थिक वर्ष २०७१/७२ मा रु १८ अर्ब १० करोड, आव २०७२/७३ मा रु २० अर्ब १० करोड, आव २०७३/७४ मा रु ३५ अर्ब, आव २०७४/७५ मा रु ३८ अर्ब १० करोड रकम बाहिरिएको थियो।

त्यसैगरी, आव २०७५/७६ मा रु ४६ अर्ब ३२ करोड, आव २०७६/७७ मा रु २४ अर्ब ८१ करोड, आव २०७७/७८ मा रु २४ अर्ब ९५ करोड, आव २०७८/७९ मा रु ६७ अर्ब ७० करोड, आव २०७९/८० मा रु एक खर्ब ४२ करोड र गत आवको जेठसम्म रु एक खर्ब १७ अर्ब एक करोड रकम बाहिरिएको छ। शिक्षाका नाममा बाहिरिने रकमको तुलनामा भ्रमणमा नाममा बाहिरिने रकमको अंश भने कम छ। केन्द्रीय बैङ्कका अनुसार गत आवको जेठसम्म भ्रमणका नाममा मुलुकबाट रु ५८ अर्ब बाहिरिएको छ।






## विश्व समाचार

### म्यान्माकी सुकीको घर किन्ने कुनै आवेदन नपरेपछि पुनः बोलपत्र आह्वान

याङ्गुन, ३१ साउन (रासस/एएफपी)।

जेलजीवन विताइरहेकी म्यान्मारकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई वर्षौंसम्म नजरबन्दमा राखेको लेकसाइडस्थित घर बिहीबार दोस्रो पटक लिलामीका लागि राखिएको छ।

सन् २०२१ को सैन्य 'कू' पछि हिरासतमा लिइएका नोबेल पुरस्कार विजेता नोबेल पुरस्कार विजेता र उहाँका भाइबीच दशकौं लामो विवादपछि दुई तले घर र १.९ एकड जमिन बिक्रीका लागि राखिएको थियो।

लिलामीका लागि न्युनतम ३०० अर्ब क्याट (१४ करोड अमेरिकी डलर) तोकिएको थियो। मिन किनबेचको काम गर्ने एक स्थानीय दलालले मार्चमा एएफपीलाई बताएअनुसार याङ्गुन आसपासका क्षेत्रमा पनि यो जमिन र यस्तै आकारका घरको मूल्य १० देखि २० लाख अमेरिकी डलरभित्र पाइन्छ।

लिलामीअघि म्यान्माका लागि अमेरिकी दूताबास नजिकै युनिभर्सिटी एभिन्यूमा रहेको औपनिवेशिक कालको घरबाहिर पत्रकारको सानो भीड जम्मा भएको थियो।

गेटमाथि सुकीका पिता, स्वतन्त्रताका नायक आङ सानको चित्र राखिएको छ भने घरलाई सशस्त्र प्रहरीले पहरा दिइरहेको छ। स्थानीय अदालतले ढोकामा टाँसेको सूचनामा घर, घरभित्र रहेको सम्पत्ती र जग्गा सुकीकी आमा 'दाउ खिन की'को नाममा रहेको उल्लेख छ।

सन् १९८८ मा तत्कालीन जुन्ताविरुद्ध भएको विशाल प्रदर्शनका क्रममा सुकीलाई गोली हानेपछि सेनाले करिब १५ वर्षसम्म घरको भत्किएको पर्खालभित्र थुनेर राखेको थियो।

इङ्गल्याण्डमा आफ्ना पति र छोराछोरीबाट अलग्गिएकी सुकीले एक प्रजातन्त्रवादी नेताको रूपमा आफ्नो हैसियत बढ्दै जाँदा घरमा पियानो बजाउँदै, जासूसी उपन्यासहरू पढ्दै र ध्यान गर्दै उक्त घरमा समय बिताउनुभएको थियो।

प्रजातन्त्र र अहिंसाको माध्यमबाट सैन्य शासनविरुद्ध लड्ने उहाँको भाषण सुन्न सयौं मानिस नियमित रूपमा घरबाहिरको फुटपाथमा भेला हुने गर्थे। सन् २०१० मा रिहा भएपछि पनि उहाँ त्यही घरमा बसी विदेशी नेता, पत्रकार र कूटनीतिज्ञहरूसँग भेटवार्ता गर्नुभएको थियो।

सन् २०१२ मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले सुकीको घरको अवलोकन गर्नुभएको थियो। ओबामाले सुकीलाई 'लोकतन्त्रको प्रतीक' को संज्ञा दिनुभएको थियो।

सुकीले सन् २०१२ मा याङ्गुन छोड्नुभएको थियो र सेनासँग सत्ता साझेदारी गर्दै राजधानी न्यापित जानुभएको थियो।

सन् २०२१ को फेब्रुअरी १ मा सेनाले पुनः सत्ता कब्जा गरेपछि उहाँलाई हिरासतमा लिइएको थियो र १० वर्ष लामो प्रजातन्त्रको प्रयोग अन्त्य गरेको थियो। उहाँको गिरफ्तारीले दक्षिणपूर्वी एसियाली राष्ट्र म्यान्मामा रक्तपातपूर्ण उथलपुथल निम्त्याएको छ भने उहाँको निर्वाचित सरकारको सट्टा सेनाप्रति बफादार (जुन्टा सरकार) ले सत्ता चलाइरहेको छ।

### श्रीलंकाको राष्ट्रपतीय निर्वाचनमा ३८ जना प्रतिस्पर्धी

कोलम्बो, ३१ साउन (रासस/एएफपी)।

श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले आगामी महिना हुने निर्वाचनमा ३८ जना प्रतिद्वन्द्वीको सामना गर्नुपर्ने निर्वाचन आयोगले बिहीबार जनाएको छ।

दुई वर्षअघि विक्रमासिङ्घेले सत्ता सम्हालेयताको यो पहिलो मतदान हो। श्रीलङ्कामा अकल्पनीय आर्थिक सङ्कटका कारण आक्रोशित प्रदर्शनकारीहरूले शक्तिशाली राष्ट्रपति गोटबाया राजापाक्षेलाई अपदस्थ गरेपछि उहाँले सत्ताको बागडोर सम्हाल्नुभएको थियो भने अहिलेसम्ममा श्रीलङ्काले आफ्नो आर्थिक सङ्कटलाई थप विग्रिन नदिई सम्हाल्न सफल भएको छ।

उमेरले ७५ वर्षमा हिँडिरहेका विक्रमासिङ्घेलाई विपक्षी दलका संसदीय नेता ५७ वर्षीय राजनीतिज्ञ प्रेमदासा र ५५ वर्षीय वामपन्थी नेता अनुरा कुमारा दिसानायकाले चुनौती दिएका छन्।

तर त्रिपक्षीय लडाइँका रूपमा सुरु भएको यो प्रतिस्पर्धा प्रभावशाली राजापाक्षे परिवारले विक्रमासिङ्घेलाई दिएको महत्वपूर्ण समर्थन फिर्ता लिएपछि र आफ्नै उम्मेदवार निर्मल राजापाक्षलाई उठाएपछि गत सातादेखि चुनौति झनै पेचिलो बनेको छ।

पूर्व राष्ट्रपति तथा प्रधानमन्त्री महिन्दा राजापाक्षेका छोरा तथा गोटबायाका भाइसमेत रहेका ३८ वर्षीय राजापाक्षे राजापाक्षे संसद सदस्य हुन्। करिब दुई करोड २० लाख जनसङ्ख्या रहेको बौद्ध बहुल श्रीलङ्कामा सेप्टेम्बर २१ मा मतदान हुँदैछ। निर्वाचन आयोगका अध्यक्ष आर.एम.ए.एल.रथनायकेका अनुसार ३९ जना उम्मेदवार चुनावी मैदानमा उत्रेका छन् र जसमध्ये कोही पनि महिला छैनन्।

"कृपया निर्वाचनमा तपाई कानूनको दायरामा रहेको सुनिश्चित गर्नुहोस्," उम्मेदवारहरूलाई निर्वाचन नियमहरू पालना गर्न चेतावनी दिँदै रत्ननायकेले एक टेलिभिजन सम्बोधनमा भन्नुभयो। उहाँले भन्नुभयो, "तपाईंको अभियानलाई मद्दत गर्न कुनै पनि अवैध गतिविधिमा सार्वजनिक अधिकारीहरूलाई प्रभावित नगर्नुहोस्।"

श्रीलङ्कामा निर्वाचनसम्बन्धी कानुन उल्लङ्घन हुनु सामान्य कुरा हो, तर अभियोजन भने विरलै हुने गरेको छ। विक्रमासिङ्घेले आफ्नो दक्षिणपन्थी युनाइटेड नेसनल पार्टी (युएनपी) लाई त्याग्नुभएको छ भने व्यापक समर्थनको आशामा आफूलाई स्वतन्त्र उम्मेदवारको रूपमा प्रस्तुत गर्नुभएको छ।

सन् २०१९ को नोभेम्बरमा भएको राष्ट्रपतीय चुनावमा गोटबाया राजापाक्षेले ३५ जना उम्मेदवारलाई पराजित गर्नुभएको थियो तर उहाँलाई सन् २०२२ मा अर्थव्यवस्थाको गलत व्यवस्थापनको विरोधमा महिनौंसम्म चलेको विरोध प्रदर्शनपछि राजिनामा दिन बाध्य पारिएको थियो। विक्रमासिङ्घे सन् २०२२ को जुलाईमा राजापाक्षेको बाँकी कार्यकालका लागि संसदबाट राष्ट्रपति निर्वाचित हुनुभएको थियो।

श्रीलङ्कामा एक करोड ७० लाखभन्दा बढी मतदाताले मतदान गर्न पाउँछन् भने आधुनिक मतदान अभ्यास (विद्युतीय मतदान)का कारण मतदान भएको एक दिनभित्र परिणाम आउने अपेक्षा गरिएको छ र निर्वाचन परिणाम घोषणा भएको दुई हप्ताभित्र नयाँ राष्ट्रपतिले शपथ लिनुपर्छ।

# मधेशका मुख्यमन्त्री र स्विट्जरल्यान्ड दूतावासका अधिकारीहरूबीच भेटघाट



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३१ साउन ।**
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहसँग नेपालस्थित स्विट्जरल्यान्ड दूतावासका अधिकारीहरूले भेटघाट गरेका छन् ।

टोलीले प्रदेश सरकारको दीर्घकालीन महत्वका योजनाहरूमा सहयोग पुऱ्याउने उद्देश्यले भेटघाट गरेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

स्विस दूतावासका डेपुटी चिफ अफ मिसन म्याथियास मेयरको नेतृत्वको ५ सदस्यीय टोलीले बिहिबार मुख्यमन्त्री सिंहसँग भेटघाट गरेको हो ।

स्विस दूतावासको टोलीले भेटघाटमा प्रदेश सरकारका अल्पकालीन तथा दीर्घकालीन महत्वका योजना कार्यान्वयनमा साझेदारी गर्न र प्रदेशमा सञ्चालन भइरहेका नियोगका कार्यक्रमलाई थप विस्तारित एवम् प्रभावकारी बनाउन प्रतिबद्धता जनाएको मुख्यमन्त्री सिंहले बताए ।

मुख्यमन्त्री सिंहले प्रदेशमा सिचाइसहित बहुआयामिक परियोजना विकास तथा विस्तारका लागि नदी जोड्ने, नहर निर्माण योजना कार्यान्वयन, मधेस विश्वविद्यालयमा संघीयताको विषयमा बेग्लै कोर्स राख्ने जस्ता विषयहरूमा सहयोग गर्न दूतावासका अधिकारीसँगको माग गरेका थिए ।

साथै प्रदेशमा कृषि क्षेत्रमा पनि फड्को मार्न सकिने भएकोले आँप र केरालगायत खेतीको प्रवर्द्धन तथा उत्पादनका लागि आधुनिक प्रविधिहरूतर्फ सहयोग पुऱ्याउन मुख्यमन्त्री सिंहले आग्रह गरेका थिए ।

उनले संघीय राज्य विकास, रोजगारी र आय प्रवर्द्धनसँगै नेपाली आप्रवासी कामदारको सुरक्षामा योगदान पुतलस्–याउन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, प्रकोप जोखिम न्यूनीकरणका क्षेत्रमा विशेष समन्वयको खाँचो रहेको जिकिर गरेका थिए ।

भेटघाटमा विकास तथा सहयोगका लागि स्विस दूतावासले मधेसमा सञ्चालित कार्यक्रमहरुसँगै प्रदेश सरकारको थप योजनाहरूमा पनि काम गर्न सकारात्मक रहेको जनाइएको छ ।

डेपुटी चिफ मेयरले नियोगका कार्यक्रमलाई तुलनात्मक रूपमा थप सुदृढ र प्रभावकारी बनाइने उल्लेख गरे । प्रदेश सरकारको सूचना प्रविधि क्षेत्रको विकासका लागि बहुराष्ट्रिय कम्पनीसँग जोड्न काम गर्न एसडिसीले सहयोग तयार रहेको उनको प्रतिबद्धता थियो ।

# मुख्यमन्त्री सिंहसहित मन्त्रीहरूले गरे सरकारी भवनहरूको अनुगमन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३१ साउन ।**
मधेस प्रदेश सरकारले प्रयोगविहीन सरकारी भवनहरूको स्थलगत अनुगमन तथा निरीक्षण गरेको छ। बिहीबार मुख्यमन्त्री सतिस सिंहसहित मन्त्रीहरूले जनकपुरको नक्टाझिभमा रहेको कृषि निर्देशनालय र मुजेलियास्थित मणिपाल भवनको अनुगमन गरेको हो ।

संघीय सरकारको मातहतमा रहेका जनकपुरस्थितका प्रयोगविहीन तथा जीर्ण भवनहरूको प्रदेश सरकारले वस्तुस्थिति बुझ्ने काम गरिएको मुख्यमन्त्री सिंहले बताए । उनका अनुसार प्रदेश सरकारमा चारवटा मन्त्रालयहरू 'रेड जोन' मा छन् ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवाग्राहीको चाँप अनुसार पर्याप्त ठाउँ नभएकोले यी दुई ठाउँको विकल्पका लागि प्रयोगविहीन सरकारी संरचनाको अवलोकन गरिएको उनले बताए ।

उनले भने, 'बिहीबार सबै मन्त्रीज्यूहरू सल्लाह गरेर अनुगमनमा निस्केका हौँ, अनुगमन पनि गरियो । अब यी कार्यालयहरू संघीय सरकार मातहत छन् । समन्वय गरेर प्रदेश सरकारले विकल्पमा प्रयोग गर्ने योजना बनाउने छ। संघीय सरकारले सहमति दिएमा सबै जीर्ण भवनहरूलाई मर्मत तथा व्यवस्थित गरेर प्रयोगमा ल्याउँछौं ।'

प्रदेश सरकारले अनुगमन गरेको नक्ठाझिझमा सरकारको स्वामित्वमा २८ बिघा जग्गा रहेको छ । त्यहाँ अहिले कृषि बिरुवा, धान, गहुँ उत्पादनको कार्य भइरहेको अनुगमनमा पाइएको प्रदेश सरकारको टोलीले जानकारी दिएको छ। प्रदेश सरकारबाट मुख्यमन्त्री सिंहसहित भौतिक मन्त्री सरोज यादव, कृषि मन्त्री जनार्दन सिंह क्षेत्री, शिक्षा मन्त्री रानी शर्मालगायतको उपस्थिति थियो ।

***कोशी प्रदेशको ...***

लिङदेन, कुन्ता राई र मच्छिन्द्र वेगा छन् ।

यही साउन २७ गते सुरु भई ३० गते ललितपुरको साना गाउँमा सम्पन्न चार दिवसीय जसपा नेपालको केन्द्रीय समिति बैठकले उक्त संघर्ष समिति घोषणा गरेको थियो । यद्यपि, केही सदस्यहरुको नाम थपेर बिहिबार समितिले पूर्णता पाएको हो ।

पूर्वी नेपालमा पहिचानका आधारित आन्दोलन समुदायगत र स्वस्फूत ढंगले हुँदै आएपनि पार्टीगत रुपमा कोशी प्रदेश नाम खारेजीको लागि कमाण्डर तोकेर संघर्ष समिति गठन भएको यो पहिलो पटक हो ।

कोशी प्रदेशको नाम खारेज गरी पहिचानको आधारमा प्रदेशको नामाकारण हुनुपर्ने आवाज उठाउँदै भएका हरेक आन्दोलनको समर्थनमा जसपा नेपाल उभिँदै आएको छ ।

# भ्रष्टाचार मुद्दामा फैसला नभएसम्म निलम्बन हुने कि नहुने भन्नेमा व्यापक छलफल आवश्यक : अध्यक्ष दाहाल

काठमाडौँ, ३१ साउन (रासस) ।
प्रमुख प्रतिपक्षी दलका नेता एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचारको मुद्दामा अदालतले फैसला नगरेसम्म निलम्बन गर्ने कि नगर्ने भन्नेबारेमा व्यापक छलफलको आवश्यकता रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा अध्यक्ष दाहालले यस सम्बन्धमा विगतमा देखिएका समस्या नदोहोरिने गरी ऐन संशोधन गर्नु उचित हुने धारणा राख्नुभयो ।

"आयोगले मुद्दा दर्ता गराउने वित्तिकै निलम्बन हुने स्थिति ठिक छ कि छैन ? अदालतले अन्तिम फैसला नगरेसम्म निलम्बन हुने व्यवस्था गर्ने कि नगर्ने ? के गर्दा उपयुक्त हुन्छ", अध्यक्ष दाहालले भन्नुभयो, "सम्भव भएसम्म अन्य विज्ञसँग पनि राय सुझाव लिएर ऐनलाई परिमार्जित गर्नुपर्छ ।"

अदालतले फैसला नगरेसम्म सो मुद्दा टुङ्गिएको नमानिने उल्लेख गर्दै अध्यक्ष दाहालले अदालतमा मुद्दा दायर हुने वित्तिकै पदाधिकारी निलम्बित हुने तर फैसलाले निर्दोष ठहऱ्याएको अवस्थालाई कसरी सम्बोधन गर्नेबारे गम्भीर ध्यान दिनुपर्ने बताउनुभयो । "त्यो बीचको क्षतिपूर्ति के हुन्छ भन्ने विषय जटिल छ । व्यक्ति निलम्बित भयो तर, अदालतको फैसलामा विलम्ब भयो र व्यक्ति अवकाशमा गएको अवस्थामा समाधान के त ? यस्तो अवस्थालाई ऐनमार्फत् नै सम्बोधन गर्नुपर्छ", अध्यक्ष दाहालले भन्नुभयो ।

भ्रष्टाचारका विषय कति समयभित्र अनुसन्धान गर्ने भन्ने हदम्याद राख्ने वा नराख्ने विषयमा छलफल गरेर निष्कर्षमा पुग्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिनुभयो । भ्रष्टाचार निवारणसम्बन्धी बनेको ऐन समय अनुकुल बनाउनुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । भ्रष्टाचार निवारण सम्बन्धमा २०५९ सालमा ऐन बनाउँदाको स्थिति र अहिले संशोधनको प्रस्ताव पेस गर्दाको अवस्था राजनीतिक र विज्ञान प्रविधिको विकासका हिसाबले धेरै फरक भएको उल्लेख गर्दै उहाँले बदलिँदो अवस्थाअनुसार ऐन संशोधन आवश्यक रहेको बताउनुभयो । "२०५९ सालमा यो ऐन बनाउँदाको स्थिति र अहिले संशोधनको प्रस्ताव पेस गर्दाको स्थितिसम्म आइपुग्दा राजनीतिक परिस्थितिमा फेरबदल आएको छ । शासन व्यवस्था नै परिवर्तन भएको छ, सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाअनुसार पनि ऐन संशोधन आवश्यक छ", समितिका सदस्यसमेत रहनुभएका अध्यक्ष दाहालले भन्नुभयो ।





जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : तिरहुत गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*